# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

(२०७६ श्रावण देखि आश्विन मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

कार्तिक, २०७६

www.mof.gov.np

# १. अर्थ मन्त्रालयको परिचय र उद्देश्यः

**पृष्ठभूमिः**

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक, समष्टिगत आर्थिक स्थायित्व, आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तिय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय मातहत रहेको छ। साथै वित्तीय संघीयताको सफल कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी वाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ। वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

**दीर्घकालीन सोच :**

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समृद्ध अर्थतन्त्र निर्माण गर्ने।

**उद्देश्यः**

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

**रणनीतिः**

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वाताबरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउने।
- अनावश्यक, मानव स्वास्थ्यलाई नोक्सान पुऱ्याउने तथा वातावरण ह्रास गराउने वस्तुको आयात निरुत्साहित एवं निर्यात प्रबर्द्धन गर्ने।

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने।
- गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागत प्रभावी र पारदर्शी बनाई थप राजस्व परिचालन गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरुको व्यवसायिक सञ्चालन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उत्प्रेरणामुखी र धान्न सकिने उपयुक्त तलबमान एवं सुविधा प्रणाली कायम गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनी व्यवस्था गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजीक्षेत्रको लगानी तथा विकासमा परिपुरक सम्वन्ध स्थापित हुने गरी समग्र आर्थिक विकासमा अनुकूल वातावरणको सिर्जना गर्ने।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व वाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने।
- सार्वजनिक (आन्तरिक तथा वाह्य) ऋण परिचालनलाई मुलुकको राष्ट्रिय प्राथमिकता, ऋण तिर्न सक्ने क्षमता विकास र समग्र आर्थिक वृद्धिमा योगदानका आधारमा परिचालन गर्ने।

## २. अर्थ मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धि नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय साहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- वजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरीक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धि नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको संचालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धि नीति कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- मूल्य नीति,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

- संघ प्रदेश र स्थानीय तहबिच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवाशुल्कहरुको लक्ष निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्धिपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बिमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राजस्व चुहावट नियन्त्रण,
- महालेखापरीक्षकको कार्यालय,
- राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग,
- निक्षेप तथा कर्जा सुरक्षण कोष,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धि तालिम अध्ययन र अनुसन्धान,
- कर्मचारी सञ्चय कोष,
- नागरिक लगानी कोष,
- अवकास कोष,
- सार्वजनिक संस्थानहरु र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

## ३. संगठनात्मक स्वरुपः



# अर्थ मन्त्रालयको दरवन्दी तेरिज

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ९ | | २ | ७ | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | | | १ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३३ | | ५ | २८ | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | | | १ | |
| ७ | उपसचिवलेखा | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | | ३ | १ | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | | | १ | |
| ९ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | | | १ | |
| १० | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | | | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४२ | ६ | | ४८ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | | १ | ३ | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | १ | | २ | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | | | १ | |
| १५ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | | | ३ | |
| १६ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | | | ११ | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | | १ | |
| १८ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | १ | १ | | २ | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | | | १ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | ४० | | २० | २० | |
| २१ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | | | ३ | |
| २२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ | | ३ | २ | |
| २३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | | | ३ | |
| २४ | कार्टोग्राफर | रा.प.अनं.प्रथम | विविध | | १ | | १ | ० | |
| २६ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | | | १ | |
| २७ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | | | १ | |
| २८ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | राजस्व | ११ | | ११ | ० | |
| २९ | सह लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | ३ | | ३ | ० | |
| ३० | इलेक्ट्रिसियन | रा.प.अनं.द्वि. | इन्जि. | इले. | १ | | १ | ० | |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | | | १ | |
| ३२ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | | ६ | ० | |
| ३४ | प्र.हेडगार्ड | रा.प.अनं.द्वि. | प्रशासन | | १ | | १ | ० | |
| ३६ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | | १ | ० | |
| ३७ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १४ | १ | | १५ | |
| ३८ | कार्यालयसहयोगी | श्रेणीविहिन | | | २५ | | १ | २४ | |
| ३९ | माली | श्रेणीविहिन | | | २ | | २ | ० | |
| ४० | गार्ड | श्रेणीविहिन | | | ३ | | २ | १ | |
| | | | | जम्मा | २४० | ९ | ६२ | १८६ | |

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | डा. राजन खनाल | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री शिशिर कुमार ढुङ्गाना | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२११८०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री धनीराम शर्मा | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री यज्ञ प्रसाद ढुंगेल | ४२११३२६ |
| ८. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| ९. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री हरिशरण पुडासैनी | ४२११३७७ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२००४१८ |
| ११. | प्रशासन महाशाखा | सहसचिव श्री झक्क प्रसाद आचार्य | ४२११३०० |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- पाँच पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार दस्तुर लिइनेछ।
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
  - ✓ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका पाँच पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन।
  - ✓ डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर,

- ✓ कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- ✓ सार्वजनिक निकायमा रहेक कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाईको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- ✓ प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- ✓ मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख) सूचना उपलब्ध गराए बापत दस्तुर लिने तरिका**

- ➢ नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ।
- ➢ कुनै बैकंमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ।
- ➢ सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- ➢ अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- ➢ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ९.१. समष्टिगत आर्थिक परिसूचकः

| क्र.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ८.५% (चालु आ.व.को प्रक्षेपण) | |
| २. | उपभोक्ता मुद्रास्फीति (भदौसम्म) | ६.१६ % | |
| ३. | शोधनान्तर स्थिति (भदौसम्म) | रु. ८ अर्ब ८३ करोड वचत | |
| ४. | सरकारी कोषको अवस्था (आश्विनसम्म) | रु. १८१ अर्ब ८७ करोड वचत | |
| ५. | बैदेशिक ब्यापार | | |
| | आयात | रु. २२९ अर्ब ५० करोड | |
| | निर्यात | रु. १८ अर्ब ५० करोड | |

| | | | |
|---|---|---|---|
| ६. | विदेशी विनिमय सञ्चिती पर्याप्तता (भदौसम्म) | रु. १०७८ अर्व ९४ करोड | |
| ७. | विप्रेषण (भदौसम्म) | रु.१५३ अर्व ७३ करोड | |
| ८. | राजस्व परिचालन | रु. १ खर्व ९७ अर्व ९९ करोड (प्रारम्भिक अनुमान आश्विन मसान्तसम्म राजस्व संकलन भएको।) | |
| ९. | नेप्से परिसूचक | ११३७.७५ असोज मसान्त | |

## ९.२ आर्थिक बर्ष २०७६/७७ को बजेट

- नेपाल सरकारको कूल बजेट रु. १५ खर्व ३२ अर्व ९६ करोड ७१ लाख मध्ये चालु खर्च तर्फ रु. ९ खर्व ५७ अर्व १० करोड १४ लाख, पूँजीगततर्फ रु. ४ खर्व ८ अर्व ५९ लाख, र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ६७ अर्व ८५ करोड ९८ लाख रहेको छ।

## ९.३ सार्वजिनक खर्च व्यवस्थापन

चालू आर्थिक वर्षको श्रावण देखि असोज मसान्तसम्मको बजेट खर्चको स्थिति प्रारम्भिक अनुमान निम्नानुसार रहेको छ।

- कुल खर्च रु.१ खर्व ७८ अर्व = ११.६१%
    - चालु खर्च रु.१ खर्व ५६ अर्व = १६.३८%
    - पूंजीगत खर्च रु.१८ अर्व ३६ करोड = ४.४१%
    - वित्तीय व्यवस्था रु.२ अर्व ८८ करोड = १.७२%

## ९.४ विभिन्न मन्त्रालयवाट प्राप्त देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरूमा राय परामर्श सहमति प्रदान गरिएको

| सि. न. | ऐन, नियम, निर्देशिका र कार्यविधिहरूको विवरण | पत्र प्राप्त भएको मिति | सहमति पठाइएको मिति | मन्त्रालय |
|---|---|---|---|---|
| १. | संघ संस्थाको स्थापना, दर्ता तथा संञ्चा<br><br>लन सम्वन्धी कानूनको संशोधन तथा एकीकरण गर्न वनेको विधेयक, २०७५ | २०७६/३/५ | २०७६/४/१७ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| २. | नेपाल रेल्वे कम्पनी लिमिटेडको कर्मचारी प्रशासन नियमावली मस्यौदा, २०७५ | २०७६/२/२४ | २०७६/४/३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ३. | डिप्लोमा इन्जिनियरिङ्ग परिषद् ऐनको मस्यौदा, २०७६ | २०७६/४/५ | २०७६/४/१ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ४. | सार्वजिनक सडक ऐन, २०३१ को तेश्रो संशोधन मस्यौदा, २०७६ | २०७६/१/२३ | २०७६/४/१ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ५. | संङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावलीको मस्यौदा, २०७६ | २०७६/३/११ | २०७६/४/१ | वन तथा वातावरण मन्त्रालय |
| ६. | साझा यातायातको कर्मचारी प्रशासन नियमावलीको प्रस्तावित मस्यौदा, २०७६ | २०७६/४/२२ | २०७६/५/२२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ७. | साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको कर्मचारी प्रशासन सेवा शर्त तथा सुविधा सम्वन्धी नियमावलीको ,२०७५ को प्रस्तावित दोश्रो संशोधनको मस्यौदा | २०७६/४/१९ | २०७६/५/६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ८. | मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७६/७७-२०८०/८१) | २०७६/५/१२ | २०७६/५/१९ | मानव अधिकार आयोग |
| ९. | नेपाल वन प्राविधिक परिषद्को व्यवस्था गर्न विधेयक तर्जुमा सम्वन्धमा तयार गरिएको अवधारणापत्रको मस्यौदा, २०७६ | २०७६/२/३० | २०७६/५/३ | वन तथा वातावरण मन्त्रालय |
| १०. | बौद्धिक सम्पत्ती सम्वन्धित प्रचलित कानूनलाई संशोधन तथा एकीकरण गर्न वनेको विधेयक, २०७६ | २०७६/३/८ | २०७६/३/२७ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| ११. | सडक वोर्डको कार्यकारी निर्देशकको नियुक्ति पारिश्रमिक सुविधा तथा सेवाका शर्त सम्वन्धी नियमावली मस्यौदा, २०५९ को ( पहिलो संशोधन) नियमावली | २०७६/३/२२ | २०७६/५/१ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२. | नवीकरणीय उर्जा प्रवर्द्धन विधेयक, २०७५ को मस्यौदा | २०७६/२/६ | २०७६/५/२३ | ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| १३. | नेपाल इन्जिनियरिङ्ग प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठान सम्वन्धी व्यवस्था गर्न वनेको विधेयक, २०७६ | २०७६/६/१५ | २०७६/६/१६ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १४. | गैर सैनिक हवाई उडान (सिभिल एभियशन) ऐन, २०७५ | २०७६/३/१५ | २०७६/४/१३ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १५. | सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन, २०६८ लाई संशोधन गर्न वनेको विधेयक | २०७६/३/१५ | २०७६/५/८ | स्वास्थ तथा जनसंख्या मन्त्रालय |
| १६. | प्रारम्भिक वाल विकास रणनीति, २०७६ | २०७६/५/१२ | २०७६/६/८ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| १७. | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०७६ | २०७६/४/२९ | २०७६/५/१० | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| १८. | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली , २०७६ | २०७६/४/१० | २०७६/०५/०५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १९. | स्थानीय तहमा बिदेशी स्वयंसेवक परिचालन कार्यविधि, २०७६ | २०७६/४/९ | २०७६/०४/१६ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २०. | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | २०७६/५/१६ | २०७६/०५/२९ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| २१. | बैदेशिक रोजगार नियमावली,२०६४ को पाँचौं संशोधन २०७६ | २०७६/४/९ | २०७६/४/१६ | श्रम रोजगार तथा सामाजिक सुरक्षा |

| | | | | |
|---|---|---|---|---|
| | | | | मन्त्रालय |
| २२. | रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को संशोधन २०७६ | २०७६/५/२५ | २०७६/६/१ | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| २३. | नेपाल ट्रष्ट( पहिलो संशोधन), २०७६ | २०७६/६/५ | २०७६/६/६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४. | सरकारी वकील सम्वन्धी नियमावली , २०७६ | २०७६/२/१० | २०७६/४/१३ | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय |
| २५. | एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक, २०७५ | २०७६/३/१६ | २०७६/४/२४ | स्वास्थ तथा जनसंख्या मन्त्रालय |
| २६. | शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ मा छुट्टै कोषको व्यवस्थाका लागि सहमति माग | २०७६/४/१२ | २०७६/४/२९ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| २७. | राष्ट्रिय शिक्षा नीति, २०७६ | २०७६/४/१ | २०७६/५/५ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| २८. | National Framework For Action | २०७६/६/६ | २०७६/६/१२ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| २९. | प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी (छैटौं संशोधन) विनियमावली, २०७५ | २०७६/५/१८ | २०७६/६/१५ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३०. | निर्वाचन आयोगको प्रस्तावित तेस्रो रणनीतिक योजना (२०७६/७७-२०८०/८१) | २०७६/४/२१ | २०७६/५/२ | निर्वाचन आयोग |
| ३१. | उपनिर्वाचन संचालन आर्थिक कार्यविधि, २०७६ | २०७६/४/२९<br>२०७६/५/३ | २०७६/५/१५ | निर्वाचन आयोग |
| ३२. | कृषि व्यवसाय प्रबर्द्धन विधेयक, २०७६ | २०७६/५/२० | २०७६/६/१४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ३३. | वातावरणीय तथा सरसफाई सचेतना जागरणका लागि खेलाडी कलाकार तथा स्वयंसेवक समन्वय परिचालन तथा अनुगमन गर्ने कार्यविधि, २०७६ | २०७६/६/६ | २०७६/६/२७ | वन तथा वातावरण मन्त्रालय |
| ३४. | वन विज्ञानका विद्यार्थीहरुको लागि इन्टर्नशिपको व्यवस्था गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिका, २०७६ | २०७६/६/१२ | २०७६/६/२७ | वन तथा वातावरण मन्त्रालय |
| ३५. | वायु गुणस्तर मापन केन्द्र स्थापना एवं संचालन सम्वन्धी कार्यविधि, २०७६ | २०७६/६/१ | २०७६/६/२७ | वन तथा वातावरण मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| ३६. | नेपाल कृषि अनुसन्धान परिषद् (दोश्रो संशोधन) ऐनको मस्यौदा, २०७६ | २०७६/३/१८ | २०७६/६/२८ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ३७. | कानूनको अद्यावधिक तथा वेवसाइटमा प्रकाशन सम्बन्धी कार्यविधि, २०७६ | २०७६/५/२३ | २०७६/६/२७ | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय |

## ९.५ राजश्व परिचालनमा भएको सुधार

- आर्थिक वर्ष २०७६/७७ मा रु. ११ खर्व १२ अर्व ३ करोड ३३ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०७६/७७ को आश्विन महिनासम्म राजस्व संकलनको लक्ष्य रु.२ खर्व ५२ अर्ब ४० करोड रहेकोमा रु.१ खर्व ९८ अर्ब संकलन भयो । यो गत आर्थिक वर्षको तुलनामा २.५९ प्रतिशतको वृद्धि हो।

- करको दायरा विस्तार - आर्थिक वर्ष २०७६/७७ को आश्विन महिनासम्म ९७,२३६ करदातालाई व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) र ६,१९,९४४ करदातालाई व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) वितरण गरिएको। व्यावसायिक स्थायी लेखा नम्बर लिएकामध्ये २२,४६० करदाता मूल्य अभिबृद्धि करमा र १३,६९९ करदाता अन्तःशुल्कमा थप दर्ता भएका छन्। हालसम्म व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाता २८,९०,०१६ पुगेको।
- मित्र राष्ट्र संयुक्त अधिराज्यसंग दोस्रो चरणको दोहोरो कर मुक्ति सम्झौता सम्बन्धी वार्ता सम्पन्न भएको ।

- राजस्व बोर्ड गठन आदेशको तर्जुमा भई सहमतिका लागि कानून मन्त्रालयमा गएको।

- हालसम्म कूल १२२ वटा करदाताहरुले केन्द्रिय बिजक अनुगमन प्रणालीको User ID लिएका र कूल ९३ वटा करदाताहरुले सूचना पठाइरहेका छन् ।

- आयकर फिर्ता प्रक्रिया सहितको कार्यबिधि बनाउन राय सुझाव पेश गर्न गठित कार्यदलले प्रतिवेदन पेश गरेको छ । सो बमोजिम सुधार कार्य भइरहेको छ ।

- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश भएको छ ।

- बायोमेट्रिक दर्ता प्रणालीबाट स्थायी लेखा नम्बर लिन पेश गर्नुपर्ने दरखास्त फारामको ढाँचा स्वीकृत गरिएको।

- करको बाँकी बक्यौता नभएका करदाताको आन्तरिक राजस्व विभागको प्रणालीबाट स्वतः कर चुक्ता प्रमाण पत्र जारी गर्ने कार्य मिति २०७६ असोज २५ देखि कार्यान्वयनमा आई करदाताले यो सुबिधाको उपयोग गरिरहेका छन् ।

- भन्सार विधेयकको मसौदा संसदमा पेश गर्ने स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाईएको।
- भन्सार विभागको Wide Area Network (WAN) को अनुगमनबाट २०७६ असोज मसान्तसम्ममा रु.९ करोड ४१ लाख ४६ हजार असुल भएको छ।
- भन्सार विभागबाट असोज मसान्तसम्ममा जारी भएको Exim Code संख्या ५५६ रहेको छ।
- आर्थिक ऐन, २०७६ ले गरेका संशोधनहरु समेटी एकीकृत भन्सार महसुल दरबन्दी २०७६ र Customs Tariff 2019/20 पुस्तकहरु प्रकाशन गरिएको छ।
- महालेखा परीक्षकको कार्यालयमा कार्यरथ कर्मचारीहरुलाई ASYCUDA World सम्बन्धी आधारभूत तालिम प्रदान गरिएको।
- मिति २०७६।०४।१९ गतेदेखि भन्सार विभागको सेवा प्रवाह नवनिर्मित भवनबाट सुरु हुन गएको।

## ९.६ बाह्य सहायता परिचालन

- आ.ब. २०७६/०७७ को असोज महिना सम्ममा अनुदान सहायता रु.१२ अर्ब ३४ करोड ५६ लाख र ऋण ३ अर्ब ३३ करोड गरी जम्मा रु. १५ अर्ब ६७ करोड ५६ लाखको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको छ ।
- सरकारको Provincial and Local Governance Support Program लाई १०० मिलियन अमेरिकी डलर अनुदान सहायता प्रदान गर्ने र संयुक्त रुपमा कार्यक्रम संचालन गर्ने उद्देश्यले तयार भएको Joint Financing Arrangement -JFA दस्तावेजमा स्वीटजरल्याण्ड, नर्वे, वेलायत र नेपाल सरकारवाट हस्ताक्षर भएको ।
- २०७६ भाद्र १८ ( सेप्टेम्वर ०४, २०१९) गते माननीय अर्थ मन्त्रीज्यूको उपस्थितिमा स्थानीय विकास साझेदारहरुको वैठक आयोजना गरी विद्यमान AMP लाई विस्थापन गरी नयां पद्दति AMIS को औपचारिक शुभारम्भ गर्नुको साथै अन्र्तराष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को अंग्रेजी संस्करण वितरण गरिएको ।
- Asian Devlopment Bank, World Bank र United Nation Development Programme संग Portfolio Review Meeting सम्पन्न भएको ।
- आ.व.२०७६/०७७ को श्रोत पुस्तिका प्रकाशन गरिएको ।
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्वन्धी कार्यविधि तयार भई सम्वन्धित अन्य मन्त्रालय/निकायको राय प्राप्त गर्न पत्राचार भएको ।

## ९.७ आन्तरिक ऋण

- आर्थिक वर्ष २०७६/७७ मा रु. १ खर्व ९५ अर्व आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा आश्विन मसान्तसम्म आन्तरिक ऋण परिचालन गरिएको छैन ।

## ९.८ अन्तरसरकारी वित्त व्यवस्थापन

- मिति २०७६श्रावण ६ गते अन्तर सरकारी वित्त परिषद्को चौथो बैठक आयोजना गरिएको।
- नेपाल सरकार,मन्त्रिपरिषद् बाट पारित भएको समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५मा संशोधन गरी कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगमा हस्तान्तरण गरिएको।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट सिफारिस भई आएको प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाटको हिस्सा सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद् प्रस्ताव पेश गरिएको।

## ९.९ वित्तीय क्षेत्र व्यवस्थापन तथा सार्वजनिक संस्थान व्यवस्थापन

- वीरगंज चिनी कारखानाको ६ विगाहा जग्गा उच्च अदालत जनकपुरको अस्थाई इजलास बीरगंज र पर्सा जिल्ला अदालतको लागि बिक्री गर्न सहमति दिने तर पूँजीगत लाभकर छुट नदिई सो बरावरको रकम निकास दिने गरी सहमति दिइएको ।
- संस्थानहरुको नयाँ तलबमान र ग्रेड तोकिएको छ ।
- वित्तीय प्रणालीको जोखिम व्यवस्थापनको जानकारी गराउन नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड र बीमा सिमितिलाई पत्राचार गरिएको ।
- नेपाल चाटर्ड एकाउण्टेण्टस् संस्थालाई Institute Of Chartered Accounts India सँग Mutual Recognition Agreement गर्न स्वीकृतिको लागि अनुरोध भइ आएकोमा प्रचलित कानुन विपरित नहुने गरी विदेशी नागरिकले ICAN को निर्वाचनमा मतदाता हुन नपाउने गरी र नेपाल सरकारको वित्तीय तथा आर्थिक दायित्व नपर्ने गरी सैद्धान्तिक सहमति दिने निर्णय भएको ।
- नेपाल धितोपत्र बोर्डलाई शेयर खरिद बिक्री सम्बन्धी समस्याको समाधान गर्न निर्देशन दिइएको।
- Credit Rating Oversight Committee को बैठक सम्पन्न ।
- नेपाल धितोपत्र बोर्डलाई आर्थिक वर्ष २०७६/७७ बजेट बक्तव्यमा उल्लेख भए बमोजिम गैर आवासीय नेपालीहरुले दोस्रो बजारमार्फत पनि लगानी गर्न सक्ने गरी पूँजीबजारलाई फराकिलो बनाइने भन्ने व्यवस्था कार्यान्वयनमा ल्याउन कानुनी संशोधन प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको ।
- बीमा समितिलाई २०७६/७७ को बजेट वक्तव्यमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न लघुबीमा र पुर्नबीमा सम्बन्धी कानुनहरुमा संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको ।

- नागरिक लगानी कोष कर्मचारी सेवा शर्त सम्बन्धी (आठौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति दिइएको ।
- सहायक रथी श्री शरद ढकाललाई कर्मचारी सञ्चयकोषको सञ्चालक समिति सदस्यमा मनोनयन गरिएको।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई इजरायलका विभिन्न केन्द्रहरुमा सम्पन्न हुने कृषि तालिममा नेपाली प्रशिक्षार्थी पठाउन सहमति प्रदान गरिएको ।
- युवा तथा खेलकुद मन्त्रालयबाट युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगानी, अनुगमन तथा असुली निर्देशिका २०७५ को मस्यौदाका केही बुँदामा परिमार्जन सहित सहमति दिइऐको ।
- प्रा.डा.जीवन कुमार भट्टराईलाई कर्मचारी सञ्चयकोषको सञ्चालक समितिमा मनोनयन गरिएको ।
- शीतघर निर्माणमा व्याज अनुदान बापत रु.३ करोड ६५ लाख ३१ हजार ३८६ नेपाल राष्ट्र बैंकको नाममा निकासा दिने निर्णय भएको ।
- नेपाल चार्टर्ड एकाउण्टेण्ट्स (नवौं संशोधन) नियमावली, २०७६ मा स्वीकृति प्रदान गरिएको ।
- राष्ट्रिय दुग्ध विकास बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन उपर सहमति प्रदान गरिएको।
- माननीय मन्त्रीज्यूको अध्यक्षतामा निजीकरण समितिको ९०औं बैठक बसी उक्त बैठकबाट भएका निर्णयहरु कार्यान्वयनका लागि श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरी पठाइएको ।
- राष्ट्रिय वाणिज्य बैंकबाट अनुरोध भई आए बमोजिम उक्त बैंकको जोखिम व्यवस्थापन प्रणालीलाई सुढृढीकरण गर्ने सम्बन्धमा उक्त बैंक तथा Department for International Development को सहायतामा सञ्चालित वित्तिय क्षेत्र स्थायित्व कार्यक्रम बीच समझदारी-पत्रमा हस्ताक्षर गर्ने स्वीकृति प्रदान गरिएको ।
- साविक यातायात व्यवसायी समितिका नाममा रहेको चल सम्पत्ती (बैंक खातामा रहेको रकम) त्यस्ता समितिहरु कम्पनिमा दर्ता भई रुपान्तरण भएको हकमा रुपान्तरित कम्पनीको नाममा रहेको बैंक खातामा सार्ने व्यवस्था मिलाउन राष्ट्र बैंकमा लेखी पठाइएको ।
- नेपालको क्रेडिट रेटिङ्ग गर्ने कार्य अघि बढाउने सिलसिलामा नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा सरोकारवाला निकायका पदाधिकारीहरु सहभागी भएको कार्यशाला/ प्रशिक्षण कार्यक्रम आयोजना गरिएको ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयबाट अनुरोध भई आएको नेपाल नागरिक उड्डयान प्राधिकरण विधेयक, २०७६ उपर राय/प्रतिक्रया उपलब्ध गराइएको ।

- सरकारी सार्वजनिक गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुँझ आयोग, २०७६ बाट माग भई आएको विवरण/विषयमा जानकारी/विवरण उपलब्ध गराइएको ।
- नेपाल सरकारको लगानी भएका सार्वजनीक निकाय (संस्थान, बोर्ड, समिति, प्राधिकरण) हरुको कार्यकारी प्रमुखहरुको प्रचलित तलब, भत्ता एवं सुविधाका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा एक अध्ययन समिति गठन भएको ।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (२) को खण्ड (छ) बमोजिम नेपाल धितोपत्र बोर्डको विज्ञहरुमध्येबाट मनोनीत हुने सदस्यमा श्री भिष्म राज ढुङ्गाना, लेटाङ्ग-४, मोरङ्ग, हाल काठमाडौं -४, धुम्बाराहीलाई मनोनयन गरिएको ।
- राष्ट्रिय वाणिज्य बैंक लि. लाई बोनस ऐन, २०३० र बोनस नियमावली, २०३९ (चौथो संशोधन, २०७५ सहित) को अधीनमा रही आर्थिक बर्ष २०७४/७५ को बोनस वितरण गर्न नेपाल सरकार (मा. अर्थमन्त्रीस्तर), मिति २०७६/०६/०१ मा स्वीकृति प्रदान गरिएको ।
- निक्षेप तथा कर्जा सुरक्षण कोषको अध्यक्ष पदमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार महालेखा नियन्त्रक श्री गोपिनाथ मैनालीलाई नियुक्ति गरिएको ।
- नेपाल सरकार (मा. अर्थमन्त्रीस्तर), मिति २०७६/०६/१० को निर्णयानुसार नेपाल बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सञ्चालक सदस्यमा सह-सचिव श्री तुलसीराम सेंढाईलाई मनोनयन गरिएको ।
- नेपाल सरकार (सचिवस्तर), मिति २०७६/०६/१० को निर्णयानुसार "नियामक समन्वय संयन्त्र" मा सह-सचिव श्री यज्ञप्रसाद ढुंगेललाई मनोनयन गरिएको ।
- नेपाल सरकार (मा. अर्थमन्त्रीस्तर), मिति २०७६/०६/२८ को निर्णयानुसार श्री सावित्री श्रेष्ठलाई अर्को व्यवस्था नभए सम्मको लागि नेपाल बैंक लि.को सञ्चालक समितिको सदस्यमा नियुक्त गरिएको ।
- नेपाल सरकार (सचिवस्तर), मिति २०७६/०६/२८ को निर्णयानुसार निजीकृत भएको संस्थानको अध्ययन गर्ने परामर्शदाताको TOR स्वीकृत भएको ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयबाट अनुरोध भै आएको विमानस्थल सुविधादेय नियमावली, २०७६ को मस्यौदामा राय उपलब्ध गराईएको ।
- बीरगंज चिनी कारखानाका अवकास प्राप्त कर्मचारीको दायित्व भुक्तानी दिने सम्बन्धमा मा. मन्त्रीस्तर, मिति २०७६/०६/१० मा निर्णय भएको ।
- सार्वजनिक संस्थान (संचालन र व्यवस्थापन) सम्वन्धमा व्यवस्था गर्न बनेको मस्यौदा विधेयकमा तर्जुमा सहमतिका लगि कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयमा पठाइएको ।

## ९.१० कानून तथा कार्यविधि

- निवृत्तभरण कोष ऐन, २०७५ को दफा ३ बमोजिम निवृत्तभरण कोषको स्थापना नभएसम्मको लागि सोही ऐनको दफा २४ बमोजिम निवृत्तभरण कोष संचालनसम्बन्धी कार्य गर्ने निकायको रुपमा कर्मचारी संचय कोषलाई तोक्ने सूचना मिति २०७६।५।२ मा नेपाल राजपत्रमा प्रकाशन गरिएको ।
- नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भारतको बरौनी नोनीया हुँदै नेपालको अमलेखगञ्जसम्म-मोतिहारी-पटना-नेपाल आयल निगमले पेट्रोलियम पदार्थ पैठारी गर्न विछ्याइएको पाइपलाइनलाई बाटो तोकिएको सूचना मिति २०७६।५।२ मा नेपाल राजपत्रमा प्रकाशन गरिएको ।
- समपूरक अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ र विशेष अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको ।
- सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७६, धितोपत्र सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ संघीय संसदमा पेश गर्ने प्रयोजनार्थ मिति २०७६।०५।२४ मा संघीय संसद सचिवालयमा दर्ता गरिएको।
- निवृत्तभरण कोष नियमावली, २०७६ को मस्यौदा र सो सम्बन्धी प्रस्ताव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७६।५।३० मा पेश गरिएको ।
- भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ को प्रस्ताव संघीय संसदमा पेश गर्न स्वीकृतिका लागि संघीय मन्त्रिपरिषदमा पेश गरिएको ।
- आर्थिक विधेयक, २०७६ र अन्तःशुल्क (बिसौं संशोधन) नियमावली, २०७६ को मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा सहमति लिई सो सम्बन्धी प्रस्ताव संघीय मन्त्रिपरिषदमा पेश गरिएको ।
- नवप्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६ को मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा सहमति लिई सो सम्बन्धी प्रस्ताव संघीय मन्त्रिपरिषदमा पेश गरिएको ।
- राजस्व बोर्ड (गठन) आदेश, २०७६ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०७६।५।२५ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको ।

- सरकारी लेखासँग सम्बन्धित फारमहरुलाई नेपालको संघीय संरचनाका आधारमा समयसापेक्ष रुपमा संशोधन, परिमार्जन, थप एवं खारेज गरी नेपालको संविधानको धारा २४१ को उपदफा (४) बमोजिमका १४२ थान म.ले.प. फारामहरु सम्बन्धी सूचनाको मस्यौदा र सो सम्बन्धी निर्णय फाइल नेपाल राजपत्रमा प्रकाशन गर्ने प्रयोजनार्थ मिति २०७६।४।२ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको ।
- यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएका विभिन्न ३३ वटा रिटहरुका सम्बन्धमा श्री सर्वोच्च अदालत, काठमाण्डौ, ८ वटा रिटहरुका सम्बन्धमा श्री उच्च अदालत पाटन, ललितपुर र १ वटा रिटका सम्बन्धमा श्री उच्च अदालत, वीरगञ्जलाई लिखित जवाफ पठाएको ।

## ९.११ योजना, अनुगमन तथा मूल्याङ्कन

- नेपाल सरकार आर्थिक बर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनका अतिरिक्त नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम अर्थ मन्त्रालयको कार्य क्षेत्रका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न माननीय अर्थ मन्त्री, सचिव, सचिव (राजस्व) र महालेखा नियन्त्रकका वीचमा कार्य सम्पादन संझौता सम्पन्न भएको।
- अर्थ मन्त्रालय र अन्तर्गतका महाशाखाबाट सम्पादन गर्ने काम कारवाहीलाई नतिजामुखी बनाउन निजामति सेवा ऐन, २०४९ को दफा १५ को उपदफा २ बमोजिम मन्त्रालयका महाशाखा प्रमुखहरु, मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरु र सचिव श्री राजन खनालज्यू वीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको।
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक बर्ष २०७५/७६ मा यस मन्त्रालयवाट सम्पादन गरिएका कार्यहरुको विवरण मन्त्रालयको वेव साइटमा सार्वजनिक गरिएको।
